# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख २१ गते २०१४ साल

### योजना विकास मन्त्रालयको सूचना

नेपाल खानी ऐन, २०१३ को दफा ४ र ५ ले दिएको अधिकारको प्रयोग गरी सरकारले देहायका नियमहरू बनाएको छ:—

### परिच्छेद–१

#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यी नियमहरूको नाम "खनिज (ठेक) नियम, २०१३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त लागू हुनेछन्।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा—

(क) "ऐन" भन्नाले नेपाल खानी ऐन, २०१३ सम्झनुपर्छ।

(ख) "खोजतलास" भन्नाले कुनै खनिज पदार्थको जाँच पडताल गर्ने कामलाई सम्झनुपर्छ।

(ग) "खानी खोल्ने" भन्नाले खोजतलास गरेको खानीबाट खनिज पदार्थ झिक्ने कामलाई सम्झनुपर्छ।



४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "तोकेको" भन्नाले सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको सम्झनुपर्छ ।

(ङ) यी नियमहरूमा प्रयोग गरिएका अरू शब्दहरूको अर्थ ऐनमा दिएबमोजिम हुनेछ ।

३. व्याख्या गर्ने अधिकारः- यी नियमहरूको व्याख्या गन अन्तिम अधिकार सरकारमै सुरक्षित रहेको छ ।

४. खानीको ठेक्का दिने अधिकारः- खानीको ठेक्का दिने वा नदिने अन्तिम अधिकार सरकारमा सुरक्षित गरेको छ र सरकारले कुनै खनिज पदार्थलाई खानीको ठेक्कामा दिन वा खानीको ठेक्कामा नदिई अरू नै प्रकारको व्यवस्था गर्न पनि सक्दछ।

## परिच्छेद-२

### अनुमतिपत्र

५. अनुमतिपत्र लिनुपर्नेः- (१) खानीको ठेक्का लिन चाहने कुन व्यक्तिले अनुसूचिमा दिइएको फाम नं. (क) भरी तोकेको अड्डामा दरखास्त दिनुपर्छ।

(२) साधारणतः खनिज पदार्थका विशेषज्ञ वा विशेषज्ञलाई लगाई काम गराउन सक्ने व्यक्तिलाई अनुमतिपत्र दिइनेछ ।

६. अनुमतिपत्रको दस्तुर र बहालीः- (१) नियम ५ बमोजिम प्राप्त गरिएको अनुमतिपत्र पाएको मितिले एक वर्षसम्म बहाल रहनेछ र सरकारले चाहेमा यस्ता अनुमतिपत्रको म्याद बढाउन समेत सक्नेछ ।

(२) हरेक अनुमतिपत्रको निमित्त रु दुइशय दस्तुर लिइनेछ ।
तर सरकारले नेपाली नागरिकलाई दस्तुर तिर्नु नपर्ने गरी वा दुइशयभन्दा बढी दस्तुर लिई अनुमतिपत्र दिन सक्नेछ ।

(३) अनुमतिपत्रको म्याद बढाउन चाहने व्यक्तिले अनुमतिपत्रको म्याद भुक्तान नहुँदै तोकेको अड्डामा दरखास्त दिनुपर्छ र त्यस अड्डाले बढीमा एकसय रुपैयाँसम्म दस्तुर लिई वा नलिई पटकैपिछे एक वर्षका म्याद बढाउन सक्नेछ ।

(४) कुनै अनुमतिपत्र नेपाल राज्यभरको निमित्त दिनु वा कुनै तोकिएको स्थानको निमित्त दिनु सरकारको इच्छानुसार हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिच्छेद–३

## खोज तलास गर्ने ठेक्का

७. खोज तलास गर्ने ठेक्का दिइने:–(१) अनुमतिपत्र पाएको व्यक्तिले खोज तलास गर्ने ठेक्का लिन चाहेमा अनुसूचिमा दिइएको फार्म नं. [ख] भरी नियम ८ बमोजिमको दस्तुरसमेत राखी तोकेको अड्डामा दखास्त दिनुपर्दछ ।

[२] उपनियम [१] बमोजिम दरखास्त परेकोमा सरकारले दरखास्तवालालाई दुइ वर्षको निमित्त खोज तलास गर्ने ठेक्का दिन सक्नेछ ।

८. खोज तलास गर्ने क्षेत्रफल र दस्तुर:–[१] खोज तलास गर्ने कामको लागि तोकेको अड्डाले घटीमा एक वर्गमीलदेखि बढीमा एकसय वर्गमीलसम्मको क्षेत्रफलमा खोज तलास गर्ने ठेक्का दिन सक्नेछ र यस्तो क्षेत्रफलमा पहिलो एक वर्गमिलको निमित्त पचास रुपयाँ र त्यस देखि बढी प्रत्येक वगमीलको दश रुपैयाँका दरले खोज तलास दस्तुर लाग्नेछ ।

[२] उपनियम [१] बमोजिमको क्षेत्रफलको लमाई त्यस क्षेत्रफलको चौडाइको पाँच गुणाभन्दा बढी हुनेछैन ।

९. म्याद भित्र काम शुरु गर्नु पर्ने:–[१] नियम ७ बमोजिम ठेक्का पाएको व्यक्तिले आफूले ठेक्का पाएका मितिले नब्बे दिनभित्र काम शुरू गर्नु पर्छ ।

[२] उपनियम [१] मा तोकिएको म्यादभित्र काम शुरु नगरी म्याद नाघेमा सरकारले ठेक्का तोडी खोज तलास दस्तुर समेत जफत गर्न सक्नेछ ।

[३] उपनियम [१] र [२] मा जेसुकै लेखिए तापनि दैवी परी म्यादभित्र काम शुरु गर्न नपाएको भन्ने निश्चय भएमा तोकेको अड्डाले बढीमा नब्बे दिनसम्म म्याद थप दिन सक्नेछ ।

१०. धरौटी दाखिल गर्नु पर्ने:–[१] खोज तलास गर्ने ठेक्का लिने व्यक्तिले आफूले लिएको प्रत्येक वर्गमीलको निमित्त एकसय रुपैयाँका दरले धरौटी दाखिल गर्नु पर्छ ।

तर सरकारले नेपाली नागरिकलाई धरौटी दाखिल गर्नु नपर्ने गरी वा एकसय रुपयाँभन्दा घटीको दरले धरौटी लिई खोज तलास गर्ने ठेक्का दिन सक्नेछ ।

११. प्रति एकड दस्तुर :– [१]खोज तलास गर्ने ठेक्का पाएको व्यक्तिले सरकारलाई नियम ८ मा तोकिएको दस्तुरको अतिरिक्त आफूले ठेक्का पाएको जमीनको प्रति एकड मोहु दस पैसा बुझाउनुपर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सरकारले नेपाली नागरिकसँग यस्तो दस्तुर नलिने अनुमति दिन सक्नेछ।

[२] उपनियम (१) बमोजिम बुझाउनुपर्ने दस्तुर प्रत्येक सालको वैशाख मसान्तभित्र बुझाउनुपर्छ ।

१२. खोज तलास गर्न सुविधा:- खोज तलास गर्ने ठेका पाएको व्यक्तिले आफूले ठेका पाएको क्षेत्रफलभित्र देहायका कामहरू गर्न सक्नेछ।

[क] क्षेत्रफलभित्र खोल्ची, खनी, दुलो छेडी खोज तलास गर्न पाउँछ ।

[ख] ठेक्काको म्यादभित्र झिकेका खनिज पदार्थ व्यापार गर्न बाहेक विश्लेषण [आनालिसीस] गराउन र नमुनाको निमित पाँच ५ मनसम्म कोरा अथवा तयारी माल निकाशी गर्दा भन्सार महसुल नतिरी निकाशी गर्न पाउँछ। तोकिएको परिमाणभन्दा बढी निकाशी गर्न चाहेमा तोकेको भन्सार महसूल तिर्नुपर्दछ ।

[ग] आफूले पाएको ठेक्कामा तोकिएको खनिज पदार्थको खोज तलासको निमित्त नफाँडी नहुने झाडी फाँडन र खोज तलास कामको निमित्त र निज व्यवहारको निमित्तसम्म त्यस क्षेत्रफलमा भएको रूख स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटको आदेश लिई सरकारी मोल, दस्तुर बुझाई काट्न पाउँछ, तर बिक्री गर्न पाउँदैन ।

[घ] खोज तलास गर्ने कामको निमित्त र सो काममा लगाइएका व्यक्तिहरूलाई चाहिने पानी खोज तलास गर्ने क्षेत्रफलभित्र वा बाहिरबाट समेत ल्याई उपयोग गर्न पाउँछ। तर सरजमीनका मानिसलाई बाधा पर्ने गरी सो पानी खर्च गर्न वा उपयोग गर्न पाउँदैन ।

(ङ) खोज तलास गर्ने कामको निमित्त चाहिने मशिन, कलपुर्जा वा साजसामान राख्ने र काम गर्ने मानिसहरू बस्ने छाप्रो बनाउन सक्नेछ।

(च) ज्यू धन रक्षाको निमित्त चाहिने हातहतियार गोलीगठ्ठा र खोज तलासको निमित्त चाहिने विष्फोटक पदार्थ तोकेको तरिकाबाट राख्न र प्राप्त गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३· शर्त बन्देजः- खोज तलास गर्ने ठेक्का पाएका व्यक्तिले देहायका शर्त बन्देजभित्र रही काम गर्नु पर्छ :-

(क) सरकारमा बुझाउनुपर्ने दस्तुर तोकेको समयमा बुझाउनुपर्छ ।

(ख) ठेक्का पाएका क्षेत्रफलभित्रको कसैको घर जग्गा रूख बालीमा हानिनोक्सानी नहुने गरी काम गर्नु पर्छ । कसैको कुनै किसिमको संपत्तिमा कुनै प्रकारको हानि नोक्सानी हुने भएमा ठेक्का पाउने व्यक्ति र हानि नोक्सानी हुने व्यक्तिको मन्जुरी भएमा सो मन्जुरीबमोजिम र मन्जुरी नभएमा स्थानीय बडाहाकिम वा मैजिष्ट्रेटछेड रिपोर्ट गरी भएका निकाशाबमोजिम गर्नु पर्छ ।

(ग) खोज तलासको काम गर्दा कुनै दुर्घटना परी कुनै व्यक्तिको मृत्यु भएमा वा आफूले ठेक्का पाएको क्षेत्रफलभित्र कसैको धन संपत्तिको हानि नोक्सानी हुने सम्भावना देखिएमा स्थानीय बडाहाकिम वा मैजिष्ट्रेट कहाँ तुरुन्त रिपोर्ट गर्नु पर्छ ।

(घ) ठेक्काको म्याद भुक्तान भएको मितिले तीस दिनभित्रमा आफूले ठेक्का पाएका क्षेत्रफलको खाल्टो खन्दा टोपा र मासिएका जग्गा पुरी बार लगाउनु पर्ने ठाउँमा बारससेत लगाई त्यस क्षेत्रफललाई यथास्थितिमा राख्नुपर्दछ र त्यस क्षेत्रफलभित्र जस जसलाई जे जे किसिमको मुक्तानी दिनुपर्ने हो, सो सब मुक्तानी दिनुपर्दछ ।

(ङ) नेपाल कानूनभित्र रही जनतासँग मेलजुल राखी काम गर्नु पर्दछ ।

(छ) ठेक्काको म्याद भुक्तान भएको नब्बे दिनभित्र आफूले ठेक्का पाएका क्षेत्रफलबाट आफ्नो सब मालसामान हटाउनुपर्दछ, अन्यथा सो माल सामान सरकारको हुनेछ ।

(ज) आफूले ठेक्का पाई गरेको सबै कामको र खोज तलास गरेको क्षेत्रफलभित्रको भौगर्भिक स्थितिको र खनिज पाइने सम्भावनासमेतको टेक्निकल रिपोर्ट सरकारमा पेश गर्नु पर्छ ।

१४· ठेक्का नामसारी गर्न पाउनेः— (१) यी नियमहरू बमोजिम खोज तलास गर्ने ठेक्का पाएको व्यक्तिले आफूले पाएको ठेक्का नियम ५ बमोजिम अनुमतिपत्र पाएको कुनै व्यक्तिलाई दिन सक्नेछ ।

[२] उपनियम (१) बमोजिम आफ्नो नामको ठेक्का अन्य व्यक्तिलाई दिंदा यसरी दिए वापत सरकारलाई एकसय रुपैयाँ नामसारी दस्तुर बुझाउनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४

### खानी खोल्ने ठेक्का

१५· खानी खोल्ने ठेक्का दिइने:— (१) सरकारले चाहेमा कुनै खानीलाई खानी खोल्ने ठेक्कामा दिन सक्नेछ र साधारणतः खोज तलास गर्ने ठेक्का लिई सन्तोषजनक काम गरेका व्यक्तिहरूले खानी खोल्ने ठेक्का पाउनेछन्।

[२] खानी खोल्ने ठेक्का बढीमा पच्चीस वर्षको निमित्त दिइनेछ।

[३] खानी खोल्ने ठेक्का लिन चाहने व्यक्तिले अनुसूचिमा दिएको फाम नं· (घ) भरी रु· दुइसय रुपैयां दस्तुरसमेत राखी तोकेको अड्डामा दरखास्त दिनुपर्छ।

तर सरकारले नेपाली नागरिकसँग पच्चीस रुपयाँ मात्र दस्तुर लिई दरखास्त लिन सक्नेछ।

१६· दस्तुर फिर्ता हुने:— (१) नियम १५ बमोजिम दाखिल भएको दस्तुर देहायको अवस्थामा दरखास्तवालाले फिर्ता पाउन सक्नेछ।

(क) कुनै कारणवश खानी खोल्ने ठेक्का नपाउने भएमा, वा

(ख) दरखास्तवालाको मृत्यु भई निजको हकवालाले फिर्ता लिन चाहेमा।

[२] दरखास्तवालाले काम शुरु गरेपछि वा काम शुरु गर्नु पर्ने म्याद नाघेपछि दस्तुर फिर्ता गरिनेछैन।

१७· म्यादभित्र काम शुरू गर्नु पर्ने :—(१) खानी खोल्ने ठेक्का पाएका व्यक्तिले आफूले ठेक्का पाएका एकसय असी दिनभित्र काम शुरु गर्नु पर्छ।

(२) उपनियम (१) मा तोकिएको म्यादभित्र काम शुरु नगरी म्याद नाघेमा सरकारले ठेक्का तोडी नियम १५ बमोजिम दाखिल भएको दस्तुर· समेत जफत गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) मा जेसुकै लेखिएको भए तापनि दैवी परी म्यादभित्र काम शुरू गर्न नपाएको भन्ने निश्चित भएमा तोकेको अड्डाले बढीमा नब्बे दिनसम्म म्याद थप दिन सक्नेछ।

१८· खानी खोल्ने क्षेत्रफल:— तोकेको अड्डाले घटीमा एक वर्गमीलदेखि बढीमा दस वर्गमीलसम्मको क्षेत्रफलमा खानी खोल्ने अनुमति दिन सक्नेछ र खानी खोल्ने क्षेत्रफलको लमाई कोइला वर्गका खनिज भए, चौडाईभन्दा दुइगुणा बढी र अरू धातु वा अधातु खनिज भए चौडाईभन्दा चारगुणा बढी हुनेछ।

५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९· (१) खानी खोल्ने ठेक्का पाउने व्यक्तिले ठेक्का लिएबापत—

[क] पहिलो सालको निमित्त प्रतिएकड मोरु दस पैसाका दरले र दोस्रो सालदेखि सालैपिच्छे प्रतिएकड दस पैसा बढीको दरले रोयल्टी बुझाउनुपर्छ।

तर रोयल्टीको माथिल्लो हद प्रतिएकड एक रुपैयाँभन्दा बढी हुनेछैन।

[ख] पहिलो सालको निमित्त मोरु दस पैसाका दरले र दोस्रो सालदेखि सालैपिच्छे प्रतिएकड दसपैसा बढीका दरले एकड दस्तुर बुझाउनुपर्छ।

तर सरकारले नेपाली नागरिक सँग एकड दस्तुर नलिने अनुमति दिन सक्ने छ तर एकड दस्तुरको माथिल्लो हद प्रतिएकड एक रुपैयाँभन्दा बढी हुनेछैन।

(२) उपनियम (१) बमोजिम बुझाउनुपर्ने एकड दस्तुर ठेक्का लिएको सालमा ठेक्का लिनुभन्दा अघिनै र त्यसपछिको सालमा प्रत्येक सालको बैशाख मसान्तभित्र बुझाउनुपर्छ।

२०· धरौटी दाखिल गर्नु पर्ने :— खानी खोल्ने ठेक्का लिने व्यक्तिले प्रत्येक ठेक्काको निमित्त देहायबमोजिमको धरौटी तोकेको अड्डामा दाखिल गर्नु पर्छ।

(क) धातुवर्ग खनिज भए दुई हजार रुपैयाँ।

(ख) अधातुवर्ग खनिज भए एक हजार रुपैयाँ।

तर सरकारले नेपाली नागरिकलाई धरौटी दाखिल गर्नु नपर्ने गरी वा एक हजार रुपैयाँभन्दा घटी धरौटी लिई खानी खोल्ने ठेक्का दिन सक्नेछ।

२१· धरौटी फीर्ता हुने:— (१) खानी खोल्ने ठेक्का पाएबमोजिम काम गर्दै जाँदा ठेक्काको अवधिभरमा पनि काम नहुने भई ठेक टुटाउने अवस्था परी काम भएको टेक्निकल रिपोर्टसाथ दरखास्त गरेमा तोकेको अड्डाले दरखास्त परेका पछिल्ला सालदेखि ठेक्का तोड्ने अनुमति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम ठेक्का तोडिएपछि ठेक्का पाउने व्यक्तिले नियम २० बमोजिम राखेको धरौटी फिर्ता पाउन सक्नेछ।

२२· खानी खोल्ने सुविधा :—(१) खानी खोल्ने ठेक्का पाएको व्यक्तिले आफूले ठेक्का पाएको क्षेत्रफलभित्र देहायका कामहरू गर्न सक्नेछ।

(क) खनिज पदार्थ झिक्नलाई टोपा टनेल चनक इत्यादि खन्न, खोल्न, र सो टोपा, टनेल चनक गइऱ्याउन, ठूलो बनाउन र हावा पानीको सुव्यवस्थाको लागि थप टोपा टनेल चनकहरू खन्न।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खनिज पदार्थ झिक्न, फुटाउन, धुलो पार्न, पिन्न, केलाउन, गाल्न र कोरा अथवा परिणत रूपमा तोकेको भन्सार महसूल तिरी निकाशी गर्न।

(ग) ठेक्का पाएको खनिज पदार्थको कामको निमित्त चाहिने कल सामान, मेसीन, सवारी, डुङ्गा, ड्याभलहरू ल्याउन र प्लान्ट, कारखाना, फर्नेस, कोक ओभन, इंट पोल्ने भट्टा, ड्यासल, भण्डार घर, काम गर्ने मानिस बस्ने घर बनाउन।

(घ) ट्राम लाइन, रेल्वेलाइन, रोपलाइन र पानी घाट बनाउन।

(ङ) घर, गोदाम, कारखाना, बाटो, रेल्वेलाइन इत्यादि बनाउन चाहिने ढुङ्गा इंट बनाउन चाहिने माटो आफ्नो क्षेत्रफल भित्रबाट लिन।

(च) स्थानीय बडाहाकिम वा मैजिष्ट्रेटको अनुमति लिई पानीको मूल र खोला नालाहरूमा स्थानीय जनतामा पीर बाधा नपर्ने गरी बाँध बाध्न कूलो खन्न फूल वा कलमर्ट बनाउन र पोखरी जमाउन।

(छ) कामको निमित्त चाहिने आवश्यक माल सामान राख्न र खनिज पदार्थ खन्दा निस्केको ढुंगा, माटो र अरू कसिंगर समेत थुपार्न।

(ज) आफूले ठेक्का पाएको खनिज केलाउन र विश्लेषण गर्न गराउन।

(झ) कोक बनाउन र सो कोकको उपयोग गर्न।

(२) काम गर्द जाँदा आफूले ठेक्का पाएको बाहेक अरू खनिज पदार्थ निस्केमा त्यसरी निस्केको खनिज पदार्थसमेत ठेक्का लिन चाहेमा ठेक्का पाउन सक्नेछ।

(३) ज्यू धन रक्षाको निमित्त चाहिने हातहतियार गोली गढ्ठा र खानी खोल्न चाहिने बिष्फोटक पदार्थ तोकेको तरिकाबाट राख्न र प्राप्त गर्न सक्नेछ।

(४) उपनियम (१) को खण्ड (ङ) मा लेखिएको ढुंगा, इंट र माटोको उपयोग गर्न पाउँछ, तर बिक्री गर्न पाउदैन।

२३. शर्त बन्देजः— खानी खोल्ने ठेक्का पाएका व्यक्तिले देहायका शर्त बन्देजभित्र रही काम गर्नु पर्छ।

(क) सरकारमा बुझाउनपर्ने दस्तूर तोकेको समयमा बुझाउनुपर्छ।

(ख) जनहित र मुलुकको सुरक्षाको निमित्त छुट्याएका ठाउंहरूमा र प्राचीन स्मारक, सहर, चिहान, स्मशान, बाटो, घाट, बाँध, पैनी, पाइप लाइन, किल्ला, गढी, छाउनी, मन्दिर, मस्जीद, गिर्जाघर वा बस्ने घर कारखाना,

५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इत्यादिको पचास गजभित्र कुनै खानी ख्योल्न र घर कारखाना वा गोदाम बनाउनसमेत हुँदैन ।

(ग) ठेक्का पाएको क्षेत्रफलभित्रको पर्ती जग्गामा घर, गोदाम वा कारखाना बनाउनुपरेमा स्थानीय बडाहाकिम वा मैजिष्ट्रेटको अनुमति लिनुपर्दछ ।

(घ) ठेक्का पाएको क्षेत्रफलभित्रको कुनै रूख काट्नुपरेमा तोकेको तरिकाले काट्नु कटाउनुपर्दछ ।

(ङ) आफूले ठेक्का पाएको क्षेत्रफलको हाराहारीका ठेकदारलाई आफूले बनाएको ट्राम लाइन, रेल्वे लाइन, बाटो र पानीघाट समेत मनासिब शर्तमा उपयोग गर्न दिनुपर्छ ।

(च) कुनै एउटा खनिज पदार्थको खानी खोल्ने ठेक्काको क्षेत्रफलभित्र सरकारले आफैले वा अरू कुनै ठेकदारलाई ठेक्का दिन अर्को खनिज पदार्थको खोज तलास गर्ने वा खानी खोल्ने काम गर्न गराउन सक्दछ र सरकारको यस्तो कारवाहीउपर खानी खोल्ने ठेक्का लिने व्यक्तिले कुन किसिमको विरोध गर्न पाउँदैन ।

(छ) काम गर्दा जाँदा आफूले ठेक्का लिएबाहेकको अरू कुनै खनिज पदार्थ निस्केमा यस्तो खनिज पदार्थ निस्केका तीस दिनभित्र सरकारमा रिपोर्ट गरी निकाशा भएबमोजिम गर्नु गराउनुपर्छ ।

(ज) ठेक्का पाएको मितिले एकसय असी दिनभित्र खानी खोल्ने काम गर्नुपर्छ र खानी खोल्ने काम गर्दा खनिज धनको बरबादी नहुने तरिकासँग र खनिज पदार्थमाथिका जग्गा जमीन, बाली घर इत्यादिको सकभर नोक्सानी नहुने गरी काम गर्नुपर्छ ।

(झ) खानी खोल्ने काम गर्दा खोलेका टोपा चनक टनेल खाल्टो इत्यादिमा कुन दुर्घटना पर्न नआउने गरी बार लगाउनुसमेत पर्दछ ।

(ञ) खानी खोल्ने काम गर्दा कुनै दुर्घटना परी कुनै व्यक्तिको मृत्यु भएमा वा आफूले ठेक पाएको क्षेत्रफलभित्र कसैको धन सम्पत्तिको हानि नोकसानी हुने सम्भावना देखिएमा स्थानीय बडाहाकिम वा मैजिष्ट्रेटकहाँ तुरून्त रिपोर्ट गर्नुपर्छ ।

(ट) ठेक्काको म्याद भुक्तान भएको मितिले तीस दिनभित्र आफूले ठेक्का पाएका क्षेत्रफलको खाल्टो चनक टोपा र मानिसको जग्गा पुरी, बार लगाउनुपर्ने ठाउँमा बारसमेत लगाई त्यस क्षेत्रफललाई यथास्थितिमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राख्नुपर्छ र त्यस क्षेत्रफलभित्र जस जसलाई जे जे भुक्तानी दिनुपर्ने हो, सो सबै भुक्तानी दिनुपर्दछ।

(ठ) नेपाल कानूनभित्र रही जनतासँग मेलजुल राखी काम गर्नु पर्दछ।

(ड) ठेक्काको म्याद भुक्तान भएको एकसय असी दिनभित्र आफूले ठेक्का पाएका क्षेत्रफलबाट आफ्नो सबै माल सामान हटाउनुपर्दछ, अन्यथा सो माल सामान सरकारको हुनेछ।

(ढ) खानी खोल्ने कामको यथार्थ प्लान, र सेक्सनका नक्सा राम्रो स्पष्ट बुझिने किसिमसँग राख्नुपर्दछ र सो प्लान वा नक्साहरूमा काम गर्दै जाँदा खोलेको टोपा, टनेल, चनक, खाल्टो, ट्रेन्चहरू र भौग-र्भिग सर्भेको रिपोर्टसमेत रहेको हुनुपर्दछ र यस्ता प्लान र नक्साहरूमा बराबर थप्नुपर्ने कुराहरू थप्दै लैजानुपर्दछ र यसरी तयार गराइका प्लान नक्सा साल सालै सरकारमा पेश गर्नु पर्छ। हरेक ट्रेन्च, खाल्टो, टोपा, चनक, टनेलको विवरणमा खास गरी निम्न लिखित कुराहरू हुनुपर्छः—

(१) पत्ता लाग्न आएका खनिज पदार्थ।

(२) एक फुट जमीनमुनिबाट आएको माटो ढुङ्गा इत्यादिका सतह।

(३) अरू कुनै विशेष कुरा।

(४) सरकारले समय समयमा मागेको अरू कुनै विवरण।

(ण) ठेक्काको म्याद भुक्तान भएपछि आफूले गरेको कामको यथार्थ टेक्निकल रिपोर्ट सरकारमा पेश गर्नुपर्छ।

२४. <u>रुपैयाँ दाखिल गर्नेः</u>— यी नियमहरू बमोजिम सरकारमा बुझाउनुपर्ने रुपैयाँ तोकेको अड्डाले समय समयमा निर्देश गरेको अड्डामा बुझाउनुपर्दछ।

२५. <u>सरकारकारको विशेष अधिकारः</u>— (१) कुनै ठेकदारले तोकिएको शर्त बर्खिलाप काम गरी सरकारलाई कुनै हानि नोकसानी हुन गएको छ भन्ने लागेमा वा जनहितको निमित्त कुनै खानीको ठेक्का तोड्न आवश्यक देखेमा साधारण परिस्थितिमा ठेकदारलाई एक महिनाअगावै सूचना दिई र विशेष परिस्थितिमा नेपाल गजेटमा सूचना प्रकाशित गरी सरकारले कुनै

आधिकारिक प्रति मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खानीको ठेक्का तोड्न र ठेकदारले शर्तबर्खिलाप काम गरेमा निज उपर मुद्दा चलाउन समेत सक्नेछ।

(२)- उप नियम [१] बमोजिम ठेक्का तोडिएकोमा ठेकदारले फिर्ता पाउने भनी सरकारले ठह्र्याएको रकम फिर्ता दिइनेछ र सरकारले मनासिब सम्झेमा कुनै ठेकदारले सरकारले तोकेको हर्जानासमेत पाउन सक्नेछ।

फाराम नं. [क]

[ अनुमतिपत्रको दरखास्त फाराम ]

मिति ... ... ...

मोहरु १। को टिकट।

श्री ... ... ...

... ... ...

श्रीमान,

म। हामी ... ...ले खनिज [ठेक] नियम, २०१३ बमोजिम अनुमतिपत्रको लागि चाहिने दस्तुर मो. रु· दुइ सय रुपैयाँ शामेल राखी दरखास्त गरेको छु। का छौं।

१. नाम... ... ... ...

व्यक्ति कम्पनी ... ... ...

२. व्यक्ति कुन मुलुकको नागरिक हो ... ...

कम्पनी रजिष्टरी भएको मुलुक

३· व्यक्तिको पेशा रोजगार

४. कम्पनीको पेशा रोजगार

५. पूरा ठेगाना ... ... ... ...

६. खोज तलास गर्न उमेद गरेको खनिजको नाम ... ... ...

७· प्राविधिक योग्यता, खानी काममा अनुभव

८. [१] खानी काममा सुचारु रूपले चलाउनालाई लगाउन उमेद गरेको मूल धन...

[२] बैंकको प्रमाणपत्र [परिपत्र]

९. साल साल आयकर अथवा पोत दिएको अंक,

१०· अनुमतिपत्र पहिले पाइसकेको भए त्यसको नं ... र मिति ... ...

११· खानी काम गर्न खोजेको मतलब

25

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२· दरखास्तवालाले देखाउन उमेद गरेको योभन्दा बढी कुनै कुरा भए··· ···
··· ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ···

यथाशीघ्र अनुमतिपत्र पाऊँ ।

भवदीय
दरखास्तवालाको दस्तखत
( राम्रो बुझिने )

फार्म नं· (ख)
(खोज तलास गर्ने दर्खास्त फाराम)

मिति ··· ··· ···

( मोरु १।को टिकट )

दर्ता मिति

समय

सिलसिलेवार नं.

श्री ··· ··· ···
··· ··· ···

श्रीमान,

खनिज (ठेका) नियम, २०१३ बमोजिम ··· ··· ··· ··· ··· ···
··· ·· ··· ··· ·· ··· ··· को खनिज खोज तलास गने ठेक्काको लागि दरखास्त गरेको छु (छौं)

१. नाम ··· ···
व्यक्ति । कम्पनी ··· ···

२. व्यक्तिको नागरिकता
वा
कम्पनी रजिष्टरी भएको मुलुक र कम्पनीको पेशा

३. पूरा ठेगाना ··· ··· ···

४. खोज तलास गर्ने उमेद गरेको खनिजको नाम

५. नयाँ लाइसेन्स मागेको
वा
म्याद थप मागेको

६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

६ अनुमतिपत्रको सिलसिलेवार नं ... मिति ... म्याद थप भएको मिति ... ... ...

७ खोज तलास गर्न मागेको म्याद ... ... ...

८ खोज तलास गर्ने कामको निमित्त मागेको एरियाको लमाइ ... ... ... चौडाइ ... र एरिया ... ... ... र वर्गमील ... ... ...

९ सो ठाउंको सम्क्षिप्त बिवरण

१० सो ठाउंको नक्सा ...

स्केल

११ आयकर वा पोत बुझाएको रसिदको नक्कल ... ... ...

१२ दरखास्तवालाले लेख्न चाहेएको अरू कुन कुरा ... ... ...

१३. (क) काम आफैले गर्न भएमा प्राविधिक योग्यता र अनुभव ... ... ...

(ख) मेनेजर नियुक्ति गर्ने भए निजको प्राविधिक योग्तता र अनुभव ... ... ... ... ... ... ... ...

उपरोक्त सबै बेहोरा साँचो हो र भुट्टा बेहोरा लेखिएको ठहरेमा नेपाल कानूनबमोजिम सहुँला बुझाउँला। नेपाल कानूनभित्र रही काम गर्न र बुझाउनपर्ने दस्तुर धरौटी बुझाउन र अरू कुनै बेहोरा खुलाई लेख्न परेमा लेख्नमा समेत मन्जूर छ।

भवदीय,

दरखास्तवालाको दस्तखत

ठाउं ... ...

मिति ... ... ...

फाराम नम्बर (ग)

नेपाल सरकार

खानी खोल्ने दरखास्त फाराम

मोरु १ को टिकट मिति ...

दर्ता मिति ... ... ...

समय ... ... ...

सिलसिलेवार नं ...

श्री ... ... ...

६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

श्री मान,

खनिज (ठेक) नियम, २०१३ बमोजिम ··· ··· मितिमा नं ··· ··· को खोज तलास गर्न ठेक्का पाएको र सो ठेक्काबमोजिम खोज तलासको काम गरी प्राविधिक रिपोर्ट नक्सा इत्यादि र दस्तूर रू २५ पच्चीस अथवा २०० दुइ-सय शामेल राखी निम्नलिखित चाहिने कुराहरू खोली ··· ··· खनीजको खानी खोल्ने तथा तत्सम्बन्धी काम गर्नको लागि ठेक्का लिन मन्सुवा भएकोले दरखास्त गरेको छु । छौं ।

१. नाम

(व्यक्ति वा कम्पनी)

२. व्यक्तिको नागरिकता
कम्पनी रजिष्टरी भएको मुलुक

३. व्यक्तिको पेशा रोजगार
कम्पनीको पेशा रोजगार

४. पूरा ठेगाना ··· ··· ···

५. नयाँ ठेक मागेको
वा
म्याद थप मागेको

६. अनुमतिपत्रको सिलसिलेवार नं ··· ··· मिति ··· ··· (नक्कल समेत)

७. ठेक्का मागेको खनिजको नाम ··· ··· ···

८. ठेक्काको लागि मागेको म्याद ··· ··· ···

९. ठेक्काको जग्गाको पूरा बयान ··· ··· ···

१०. जिल्ला ··· ··· ··· तालुक ··· ··· ··· नापी ··· ··· लमाइ ··· ··· ··· चौडाई वर्गमील ··· ··· ··· ···

११. ठेक मागेको जग्गाको छोटकरी बयान

१२. खनिज खोज तलास गर्नालाई पाएको लाइसेन्सको नं ··· ··· मिति ··· म्याद

१३. पहिलो साल खानीबाट झिक्ने उमेद गरेको खनिजको परिमाण

१४. काम गर्न उमेद गरेको तरिका

१५. खनिज खनेको के कुन काममा लगाउने उमेद गरेको

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मुलुकभित्रै काम लगाउने (कुन के काम)

(ख) निकाशी गर्ने (कुन मुलुकमा) कोरा रूपमा अथवा केलाइसकेपछि

१६. दरखास्तवाला आफ्नै रेखदेखमा काम गराउन चाहन्छ, अथवा कुनै प्राविधिज्ञ लगाई काम गर्न चाहन्छ।

प्राविधिज्ञको नाम ... ... ... थर ... ... वतन ... ... प्राविधिज्ञको योग्यता ... ... ...

१७. आयकर बुझाएको सर्टिफिकेटको सक्कल

उपरोक्त सबै बेहोरा साँचो हो र झुट्टा बेहोरा लेखिदिएको ठहरे नेपाल कानूनबमोजिम जो जे हुन्छ, सहुंला बुझाउँला। नेपाल कानूनभित्र रही काम तार्न र बुझाउनुपर्ने दस्तुर धरौट बुझाउन र अरू कुनै कुरा खुलाई लेख्नुपरेमा लेख्नमा समेत मन्जूर छ।

भवदीय,

दरखास्तवालाको दस्तखत

ठाउँ ... ... ... ...

मिति... ... ... ...

आज्ञाले—

भीमबहादुर,

सेक्रेटरी—योजना विकाश मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।